

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

माननीय मन्त्रीज्यूको पद वहाली पश्चातको

१०० दिनको

मन्त्रालयको प्रगति विवरण

२०८० फागुन २३ देखि २०८१ जेष्ठ ३१ सम्म

तत्काल सुधार/Recent Initiatives

१. एक घण्टामै श्रम स्वीकृति

१.१ श्रम स्वीकृतिको दैनिक कोटा हटाइएको र २४ सै घण्टा आवेदन दिने व्यवस्था मिलाइएको,

१.२ दुई सिफ्टबाट (बिहान ७ बजेदेखि राति ९ बजेसम्म) नै कार्यसंचालन गर्ने गरिएको,

१.३ वैदेशिक रोजगार कार्यालय ताहाचलमा सेवाग्राही सहजीकरणका लागि हेल्प डेस्क संचालनमा ल्याइएको ।

संस्थागत श्रम स्वीकृति

१,१४,६८५

२०८०/११/२३ देखि २०८१/२/३१

व्यक्तिगत श्रम स्वीकृति

२९,६८३

२०८०/११/२३ देखि २०८१/२/३१

श्रम स्वीकृति नविकरण

८४,४८८


२०८०/११/२३ देखि २०८१/२/३१

जि टु जि

२,११७

२०८०/११/२३ देखि २०८१/२/३१

औसत **पहिले** **८८.८२** घण्टा



अहिले **१** घण्टा

प्राप्त नतिजा तथा प्रभाव

- वैदेशिक रोजगारीमा जाने श्रमिकको समय, श्रम, लागत र हैरानी न्यूनीकरण भएको,
- श्रम स्वीकृति सम्बन्धी सेवा प्रवाह चुस्त र प्रभावकारी भएको,
- सार्वजनिक सेवा प्रति नागरिकको विश्वास बढेको,
- श्रम स्वीकृति प्रक्रियामा हुनसक्ने ठगी नियन्त्रण भएको ।

२. श्रमाधान अभियान

आन्तरिक तथा वैदेशिक रोजगारिमा रहेका श्रमिकहरुको गुनासो, उजुरी तथा सुझावहरुलाई सम्बोधन गर्न सूचना प्रविधिमा आधारित एकद्वार प्रणाली **श्रमाधान**को स्थापना र संचालन ।



श्रमाधान

१. सेकेण्ड इनिङ्स : अवकाश पछिको आरम्भ
२. रोजगार बैंक : पेशागत यात्राको सहयात्री
३. समता : विविधताको एकता श्रममा समता
४. कानून : श्रम सम्बन्धी कानून सबैले जानून
५. कनेक्ट : भोलिको तयारी आजैबाट
६. साथ : हामी छौं
७. कल सेन्टर : समस्याहरुको सम्बोधन तुरन्तै

३. श्रमाधान रोजगार मेला



नेपाली युवाहरु रोजगारीका लागि बाध्यात्मक रुपले विदेशिनुपर्ने अवस्थालाई अन्त्य गर्न देशभित्रै मर्यादित काम तथा उत्पादनशील रोजगारी पाउने वातावरण सुनिश्चित गर्ने प्रमुख उद्देश्यका साथ तीनै तहका सरकार एवम् निजी क्षेत्र र सरोकारवालाहरुको सक्रिय सहभागितामा मिति २०८१ जेठ १७ गते सम्माननीय प्रधानमन्त्रीज्यू बाट कोशी प्रदेशमा उद्घाटन भई मिति २०८१ जेठ ३० गते वागमती प्रदेश मा समापन भई श्रमाधान रोजगार मेलाको पहिलो सत्र सातैवटा प्रदेशमा सम्पन्न भएको।

श्रमाधान मेलाका दौरानमा सातवटै प्रदेशमा जम्मा ४२ वटा श्रमाधान सम्वाद सञ्चालन गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित कानूनी विषयमा जानकारी गराईएको, मेलामा हजारौं युवाहरुले अवलोकन गरी आन्तरिक तथा वैदेशिक रोजगारीसँग सम्बन्धित सूचना तथा जानकारी प्राप्त गरेका, रोजगारदाता तथा रोजगारीको खोजीमा रहेका युवाहरुको वीचमा पुलको काम गर्दै सम्भावित रोजगारीका अवसरहरुसँग जोड्ने काम गरेको ।

आन्तरिक रोजगारीका लागि हाल सञ्चालनमा रहेको रोजगार व्यवस्थापन सूचना प्रणाली मार्फत प्राप्त भएका तथ्याङ्कलाई राष्ट्रिय रोजगार बैंकमा समावेश गर्न सकिने गरी पूर्वाधार तयार भएको।

संघीयता कार्यान्वयनका क्रममा तहगत सरकारका वीचमा सहकार्य तथा समन्वयको राम्रो उदाहरण सहित श्रमाधान रोजगार मेलामा संघीय मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकार तीनवटै तहको सक्रिय सहभागिता रहेको, निजी क्षेत्र, गैरसरकारी क्षेत्र र अन्तरराष्ट्रिय समुदायको अर्थपूर्ण साझेदारी रहेको।

४. नीतिगत तथा कानूनी सुधार

४.१ श्रमिकलाई थप आर्थिक भार तथा बोझ दिने गरी विगतमा भएका निर्णय तथा जारी भएका कार्यविधिहरुको असर तथा प्रभाव अध्ययन गरी देहायका कार्यविधिहरु खारेज, स्थगन तथा परिमार्जन प्रक्रिया अघी बढाइएको ।

खारेज

- पूर्वप्रस्थान अभिमुखीकरणका लागि शुल्क वृद्धि सहितको व्यवस्था गर्न बनेको कार्यविधि,
- दक्ष एवम् अर्धदक्ष कामदारका लागि अङ्ग्रेजी भाषा अनिवार्य गर्ने सम्बन्धमा बनेको कार्यविधि,
- रोजगारदाताले पठाएको माग छानविन गरी मन्त्रालयमा गठन भएको समितिबाट प्रमाणीकरण गर्ने सम्बन्धी कार्यविधि,

हाल परिमार्जनका क्रममा रहेको

- जापानमा सीपयुक्त कामदार पठाउने सम्बन्धमा जारी भएको कार्यविधि,
- दक्षिण कोरियामा ई-७ भिसामा कामदार पठाउने सम्बन्धमा जारी भएको कार्यविधि,
- बि टु बि प्रक्रियाबाट इजरायलमा कामदार पठाउने निर्णय

४.२ बाल श्रम (निषेश तथा नियमित गर्ने) ऐन, २०५६ को अनुसूचीमा जोखिमयुक्त व्यवसाय तथा कामहरुको सूची अद्यावधिक गरी राजपत्रमा प्रकाशन भएको ।

४.३ पुनः श्रम स्वीकृति एक तहबाट जारी गर्नेगरी वैदेशिक रोजगार व्यवस्थापन सेवा प्रवाह कार्यविधि, २०७९ लाइ संशोधन गरिएको ।

४.४ विदेशस्थित नेपाली कूटनीतिक नियोगमा रहने काउन्सेलर (श्रम) तथा श्रम सहचारीको नियुक्तिलाई व्यवस्थित र नियमित गर्न वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४३ (२) बमोजिम काउन्सेलर तथा श्रम सहचारी छनौट (श्रम) तथा नियुक्ति सम्बन्धी मापदण्ड, २०८१ जारी गरिएको ।

४.५ राष्ट्रिय व्यावसायिक सीप विकास तालिम नीति, २०८० (मस्यौदा) तयार भएको।

४.६ पूर्वप्रस्थान अभिमुखीकरण तालिम संचालन कार्यविधि २०७६ लाई परिमार्जन गरी व्यवहारिक, वस्तुनिष्ठ र समय सापेक्ष बनाउन सरोकारवाला समेतसँग छलफल गरी सुझाव पेश गर्नेगरी प्राप्त गरी समिति गठन भई समितिले कार्य गरिरहेको ।

प्रमुख कार्यहरू

५. आन्तरिक रोजगारी प्रवर्द्धन तथा श्रम प्रशासन सुदृढीकरण

५.१ मर्यादित र उत्पादशिल रोजगारीका अवसरको उजागर र वृद्धि गर्न तथा रोजगार दाता र श्रमिकका बीच सम्बन्ध सेतुको रुपमा कार्य गर्न सातै प्रदेशमा श्रमाधान रोजगार मेला आयोजना सम्पन्न भएको,

५.२ वैदेशिक रोजगारबाट फर्की नेपालमा उद्यम गरेका उद्यमीहरुलाई राष्ट्रिय पुरस्कार वितरण गर्न आवेदन प्राप्त भएका र पुरस्कार सिफारिस समितिको प्रारम्भिक मूल्याकंनमा परेका ३८ वटा उद्यमी/व्यवसायीको स्थलगत निरीक्षण सम्पन्न भएको,

५.३ श्रम कानूनको परिपालनका सम्बन्धमा ११२२ वटा प्रतिष्ठानहरुको निरीक्षण गरिएको,

५.४ ११८७ प्रतिष्ठान बाट श्रम अडिट प्रतिवेदन प्राप्त भएको,

५.५ १०४२ वटा प्रतिष्ठानमा बालश्रम निरीक्षण सम्पन्न भएको ।

५.६ **"श्रमिकसँग श्रममन्त्री अभियान"**लाई नेपालगञ्ज औद्योगिक क्षेत्रबाट शुरु गरिएको ।

६. अन्तर्राष्ट्रिय मञ्चमा अर्थपूर्ण सहभागिता

६.१ Global Coalition for Social Justice नामक संयन्त्रमा नेपालको सहभागिता

अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा पारित Global Coalition for Social Justice नामक विश्वव्यापी संयन्त्रमा नेपाल सरकारको सहभागिता हुने गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०८१ जेठ ३ गते निर्णय भएको । उक्त संयन्त्रको उद्घाटन कार्यक्रममा सहभागिताका लागि सम्माननीय राष्ट्रपतिज्यूको नेतृत्वमा जेनेभा गएको प्रतिनिधिमण्डलमा मा. मन्त्रीज्यू सहभागी हुनुभएको। Coalition का साझेदारहरूलाई सामाजिक न्यायसँग सम्बन्धित ज्ञान, अनुभवहरू आदानप्रदान गर्न तथा सामाजिक न्यायको कार्यान्वयनका लागि योजना तथा कार्यक्रम एवम् गतिविधिहरू सञ्चालन गर्न यसले मञ्च उपलब्ध गराउँदछ।



६.२ सम्माननीय राष्ट्रपतिज्यूको भ्रमणदलमा सहभागिता

११२औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनका क्रममा सम्माननीय राष्ट्रपतिज्यूको नेतृत्वमा ग्लोवल कोलिसन फर सोसल जस्टिस संयन्त्रमा सहभागिता जनाउने गरी गएको प्रतिनिधि मण्डलमा समेत माननीय मन्त्रीज्यू सहभागी रहेको थियो। उक्त भ्रमण दलको सदस्यको रुपमा माननीय मन्त्रीज्यूले स्वीजरल्याण्डका महामहिम राष्ट्रपतिज्यूसँग भेटघाट गरी दुई मुलुकको द्विपक्षीय सम्बन्ध तथा आपसी सहकार्यका विषयमा छलफल गर्नु भएको थियो ।

६.३ अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा सम्बोधन



अन्तर्राष्ट्रिय श्रम सम्मेलनको ११२औं सत्रमा नेपालको तर्फबाट माननीय मन्त्रीज्यूको नेतृत्वमा मन्त्रालयका सचिव घनश्याम उपाध्याय, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल, संयुक्त ट्रेड युनियन समन्वय केन्द्रका अध्यक्ष योगेन्द्र कुँवर सहितको टोलीले सहभागिता जनाएको छ ।

उक्त सम्मेलनमा सन् २०२४ जुन ११ का दिन मा. मन्त्रीज्यूबाट सम्बोधन भएको थियो । सम्बोधनका क्रममा नेपालले सामाजिक न्यायको लागि गरेको प्रतिवद्धता, यसमा नेपालको अनुभव र मर्यादित श्रमको क्षेत्रमा भएका सुधार र प्राप्त उपलब्धीको विषयमा महासभालाई जानकारी गराइएको थियो। उक्त अवसरमा नेपालले अनौपचरिकता निदान सम्बन्धी त्रिपक्षीय सहमतिमा कार्ययोजना तयार गरेको, आगामी तीन वर्षभित्रमा आईएलओका ९ वटा महासन्धी/प्रोटोकल अनुमोदन गर्न त्रिपक्षीय सहमतिमा कार्य प्रक्रिया अगाडी बढाइएको समेत जानकारी गराउनु भएको थियो। यसैगरी मा. मन्त्रीज्यूले नेपालमा २०२४ भित्र नै श्रमाधान मिनिस्टरियल कन्क्लेभ आयोजना गर्ने जानकारी गराउनुहुँदै कन्क्लेभमा सहभागिताका लागि अन्तरराष्ट्रिय समुदायलाई आमन्त्रण समेत गर्नुभएको थियो।

६.४ अन्तर्राष्ट्रिय श्रम संगठनको Governing Body को Deputy Member मा नेपाल निर्वाचित

नेपाल आगामी ३ वर्षको लागि (June 2024 to June 2027) ILO "Governing Body" को Deputy Member को रुपमा निर्वाचित भएको छ। माननीय मन्त्रीज्यूको नेतृत्वको प्रतिनिधिमण्डलको अनवरत प्रयास र सक्रियतामा नेपालले १८५ सहित अत्याधिक मत प्राप्त गर्दै उक्त पदमा

निर्वाचित भएको हो। "Governing Body" अन्तर्राष्ट्रिय श्रम संगठनको कार्यकारी काम गर्ने निकाय हो, यसले ILO का नीति र योजना तर्जुमा, अन्तर्राष्ट्रिय श्रम सम्मेलनका लागि एजेन्डा, कार्यक्रम र बजेट तर्जुमा लगायतका महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। उक्त संयन्त्रमा नेपाललाई निर्वाचित गरेकोमा मा. मन्त्रीज्यूले सम्मेलनलाई सम्बोधन गर्दै सबैमा धन्यवाद ज्ञापन गर्नुभएको थियो।







६.५ नेपालको श्रम व्यवस्थापन सुधारका लागि वार्ता

माननीय मन्त्री डोल प्रसाद अर्यालज्यूले भ्रमणकै क्रममा मलेसियाका मानव संसाधन मन्त्री H.E. Mr. CHEE KEONG SIM, कतारका श्रम मन्त्री H.E.Mr. ALI SAMIKH AL MARRI र दक्षिण कोरियाका रोजगार तथा श्रम मन्त्री H.E. Jung Sik Lee सँग Sideline वार्ता समेत गर्नु भएको थियो। वार्ताको क्रममा कोरिया, मलेसिया र कतारमा रहेका नेपाली कामदारहरुको लागि सुरक्षित कार्यवातावरण कायम राख्न र कामदारको सीप तथा दक्षता अभिवृद्धि एवम् द्विपक्षीय सहयोगलाई अझ मजबुत बनाउने कुरामा जोड दिइएको थियो।

श्रम कूटनीति प्रवर्द्धन

७. कूटनीतिक पहल/भेटघाट

७.१ नेपालको आन्तरिक श्रम बजार तथा विश्व बजारको माग र आवश्यकता बमोजिमको सीपयुक्त जनशक्ति नेपालमै विकास गर्न तथा नवीन प्रविधिसहितका तालिम केन्द्र स्थापना, पूर्वाधार विकास लगायतका विषयमा छलफल गर्न अन्तर्राष्ट्रिय/बहुपक्षीय निकायहरु अन्तर्राष्ट्रिय श्रम संगठन, बिश्व बैंक, जाइका, आइओएम लगायतका संस्थाका प्रमुखहरुसँग मन्त्रालयमा द्विपक्षीय भेटवार्ता भएको।

७.२ श्रम आप्रवासनका सबै चक्रमा कामदारको उच्चतम हित, गन्तव्य मुलुकमा नेपाली आप्रवासी कामदारको हक हितको रक्षा तथा तिनको सुरक्षा, बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी नेपाली श्रमिकहरुको सामाजिक-आर्थिक पुनर्एकीकरण समेतका विषयहरुमा केन्द्रित रही इजरायल, गणतन्त्र कोरिया, जापान, रोमानिया, स्वीटजरल्याण्ड, कतार, साइप्रस, बुल्गेरिया लगायतका देशका महामहिम राजदूतज्यूहरुसँग द्विपक्षीय भेटवार्ता सम्पन्न भएको।

७.३ प्रमुख श्रम गन्तव्य राष्ट्रहरुमा कार्यरत श्रमिकहरुको कार्यस्थलको अवस्था, सेवा सुविधा लगायत उनीहरुले भोग्नु परेको समस्याहरुको सम्बन्धमा श्रम काउन्सेलर/सहचारीसँग अर्न्तक्रियात्मक कार्यक्रम सम्पन्न गरी समस्या समाधानार्थ आवश्यक प्रवन्ध गरिएको ।



८. श्रम सम्झौता

८.१ कतारसँगको श्रम सम्झौता पुनरावलोकनका लागि मस्यौदा प्रस्ताव गरिएको ।

८.२ रोमानिया र मौरिससको भिसा तथा इन्टरभ्यू सेन्टर नेपालमा स्थापनाको लागि परराष्ट्र मन्त्रालय मार्फत पत्राचार गरिएको ।

८.३ रोमानिया र जर्मनी सँग भएको श्रम सम्झौता कार्यान्वयनका लागि परराष्ट्र मन्त्रालय मार्फत पत्राचार गरिएको ।

८.४ मलेशिया सरकारबाट नवीकरणको लागि प्राप्त भएको श्रम सम्झौताको प्रस्तावित मस्यौदा उपर परराष्ट्र मन्त्रालयको राय लिई हाल कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा रायका लागि पठाइएको

वैदेशिक रोजगार व्यवस्थापन

९. कार्यदल गठन

मन्त्रालयको मिति २०८१।०१।२३ को निर्णयानुसार विभिन्न गन्तव्य मुलुकहरुसँग भएको नयाँ तथा पुराना द्विपक्षीय श्रम सम्झौता/ समझदारीको मस्यौदा निर्माण, पुनरावलोकन तथा वैदेशिक रोजगारलाई व्यवस्थित बनाउन हाल कार्यान्वयनमा रहेका विभिन्न कार्यविधि, निर्देशिका एवं मापदण्डहरुको पुनरावलोकन, आवश्यकता अनुसार नयाँ कार्यविधि र निर्देशिका निर्माण गर्न रोजगार व्यवस्थापन महाशाखाप्रमुखको संयोजकत्वमा अध्ययन सुझाव कार्यदल गठन भई कार्यदलले काम गरिरहेको।

१०. जोखिम न्यूनीकरण

१०.१ वैदेशिक रोजगार सम्बन्धी सूचना र परामर्श प्रदान गर्ने कार्यलाई ७७ जिल्लामा विस्तार गरिएको ।

१०.२ वैदेशिक रोजगारीमा जाने कामदारको सुरक्षा र जोखिमलाई ध्यान दिई हाल रसिया र युक्रेनको लागि श्रम स्वीकृति दिने काम स्थगित गरिएको ।

१०.३ वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिईने क्षतिपूर्ति वापतको रकम सात लाख बाट बढाई दश लाख हुने गरी प्रस्ताव गरिएको ।

श्रम सम्बन्ध र व्यवसायजन्य सुरक्षा

११. सामाजिक संवाद

११.१ औद्योगिक क्षेत्रमा कार्यरत श्रमिकहरु, रोजगारदाता तथा ट्रेड युनियनहरु लगायतका सरोकारवालाहरुसँग श्रमिक कल्याण तथा सामाजिक सुरक्षाको विषयमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भई मर्यादित श्रम र असल श्रम सम्बन्धमा पृष्ठपोषण प्राप्त भएको ।

११.२ सबै प्रकारका बालश्रम अन्त्यका लागि स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रहरुलाई फोकल प्वाइन्ट तोकी जिम्मेवारी प्रदान गरिएको । साथै बालश्रम मुक्त स्थानीय तह घोषणाको लागि ८७ वटा स्थानीय तहलाई अनुदान उपलब्ध गराइएको ।

११.३ प्रत्येक प्रदेशका दुईवटा अस्पतालहरुमा श्रमिक हेल्प डेस्क सञ्चालन प्रक्रिया अगाडी बढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय

११.४ संघीय एवम् प्रादेशिक अस्पतालहरुमा अस्पतालको बेड क्षमताको आधारमा निश्चित संख्याका बेड श्रमिकका लागि समर्पित गरेर राख्ने व्यवस्थाको लागि सरोकारवाल मन्त्रालयसँग समन्वय गरिरहेको

११.५ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा श्रमिक हेल्थ डेस्क स्थापनाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग समन्वय

११.६ वीर अस्पतालमा सञ्चालनमा रहेको टेलिमेडिसिन सेवाको विस्तार तथा प्रभावकारिताको लागि आवश्यक व्यवस्था मिलाइएको

योगदानमा आधारित सामाजिक सुरक्षा

१२. सामाजिक सुरक्षा

१२.१ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, र सम्बन्धित ऐनहरु बोनस ऐन २०३० र श्रम ऐन २०७४ को संशोधनको प्रक्रिया अगाडी बढेको ।

१२.२ नेपाल उद्योग वाणिज्य महासंघ, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र तथा सामाजिक सुरक्षा कोषको सहभागितामा पुन: दफावार छलफल गरी निजी क्षेत्र र सरकारी क्षेत्रलाई समेत समेट्ने गरी सामाजिक सुरक्षा योजना संचालन कार्यविधिको मस्यौदालाई अन्तिम रुप दिन पृष्ठपोषण प्राप्त भएको ।

१२.३ सामाजिक सुरक्षा कोष ईन्टर्न परिचालन कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको ।

१२.४ विभिन्न विषयहरुमा स्नातक वा स्नातकोत्तर तहमा अध्ययनरत वा अध्ययन समाप्त भई श्रम बजारमा जाने तयारीमा रहेका विद्यार्थीहरुलाई सामाजिक सुरक्षा योजनाहरुका बारेमा जानकारी हुनु अपरिहार्य भएकोले त्यस्ता विद्यार्थीहरुलाई सामाजिक सुरक्षा कोषको केन्द्रिय कार्यालय, शाखा कार्यालय र सम्पर्क कार्यालयहरुमा ईन्टर्नको रुपमा परिचालन गर्न उक्त कार्यविधि तर्जुमा गरिएको ।

१२.५ ईन्टर्न विद्यार्थीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवहारिक ज्ञान दिलाई ईन्टर्न छनौट प्रकृयालाई पारदर्शी र योग्यतामा आधारित बनाउन तथा सहभागी ईन्टर्नले गर्नुपर्ने काम र पालना गर्नुपर्ने आचरणको सम्बन्धमा आवश्यक व्यवस्था गर्न समेत सहयोग गर्ने भएकोले सामाजिक सुरक्षा कोष ईन्टर्न परिचालन कार्यविधि, २०८० तर्जुमा गरिएको ।

१२.६ विभिन्न क्षेत्रमा विस्तारित हुदै गएको सामाजिक सुरक्षा योजनालाई समयानुकुल परिमार्जन गर्न आवश्यक ठानी सोहिअनुरुप संशोधन गरिएका कार्यविधिहरु :

१२.७ सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७५ को चौंथो संशोधन २०८० ।

१२.८ अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९ को पहिलो संशोधन २०८० ।

१२.९ वैदेशिक रोजगारमा रहेका श्रमिक र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९ को पहिलो संशोधन, २०८० ।

यस अवधिमा सामाजिक सुरक्षा कोषमा भएको संख्यागत प्रगति

१. रोजगारदाता सूचीकरण	२२७
२. योगदानकर्ता सूचीकरण (सबै क्षेत्रको कूल)	२२,८८१०

१२.१०. २०८१ जेठ १७ गते देखि स्वरोजगार, अनौपचारिक क्षेत्र तथा वैदेशिक रोजगारीमा जाने योगदानकर्ता र निजका परिवारले पनि सामाजिक सुरक्षा कोष अन्तर्गतको औषधि उपचार सुविधा प्राप्त गर्ने व्यवस्था लागु भएको र यसअघि कम्तिमा नौ महिना योगदानकर्तालाई उक्त सुविधा दिने व्यवस्था भएकोमा अब देखि तीन महिना मात्र योगदान भएपनि माथि उल्ले खित सुविधा पाउने ।

१२.११ योगदानकर्ताले दुर्घटना उपचार खर्च वापत एक लाख प्राप्त गर्ने व्यवस्था रहेको उक्त रकम वृद्धि गरी सात लाख पुऱ्याइएको ।

१२.१२ सामाजिक सुरक्षा कोषको संरचना विस्तार गरी जनकपुरमा सामाजिक सुरक्षा कोषको सम्पर्क कार्यालय स्थापना भएको ।

व्यवसायिक सीप विकास र तालिम

१३. सीप तथा तालिम

१३.१ कार्य स्थलमा आधारित सीपमूलक तालिमको नयाँ निर्देशिकाको मस्यौदा तयार भैरहेको,

१३.२ राष्ट्रिय व्यवसाय तथा सीप सम्बन्धि तालिम निर्देशिका संशोधन मस्यौदा तयार भएको,

१३.३ कार्य स्थलमा आधारित सीपमूलक तालिम निर्देशिका परिमार्जनका लागि समितिबाट निर्देशिकाको मस्यौदा तयार भएको,

१३.४ कार्यकारी निर्देशकको नियुक्तिका लागि खुला विज्ञापन भई छनौटको अन्तिम चरणमा रहेको,

१३.५ प्रदेशस्तरमा आवाशीय सुविधा सहितको आधुनिक प्रशिक्षण केन्द्र स्थापनाको प्रक्रिया बढाइएको,

१३.६ यस अवधिमा मन्त्रालय अर्न्तगतका तालिम प्रतिष्ठान तथा वैदेशिक रोजगार बोर्डबाट विभिन्न विधामा आधारभूत तथा एड्भान्स व्यवसायिक तालिमहरु संचालन गरिएको ।

सुशासन प्रवर्द्धन

१४. श्रमाधान कल सेन्टर

१४.१ मन्त्रालय अन्तर्गत पूर्णतया सूचना प्रविधिमा आधारित श्रमाधान प्रणाली विकास गरी मन्त्रालय तथा मातहत निकायमा प्राप्त हुने गुनासा तथा उजुरीहरु, सल्लाह, सुझाव, जिज्ञासाहरुको एकद्वार प्रणालीबाट २४ घण्टा भित्र नै सुनुवाइ गर्ने एवम् सोही प्रणालीका माध्यमबाट सम्बन्धित निकायबाट शीघ्र सम्बोधन गर्ने गरी श्रमाधान कल सेन्टर सञ्चालन गर्ने नीतिगत निर्णय भएकोमा सो को कार्यान्वयनको लागि विभिन्न चरणमा काम भइरहेको ।

१४.२ श्रमाधान कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ स्वीकृत भएको ।

१४.३ श्रमाधान कल सेन्टरको सफ्टवेयरलाई श्रमाधान एपमा समायोजनको भई प्रभावकारी रुपमा गुनासो सुनुवाई भएको ।

१४.४ गुनासो सुनुवाई प्रत्येक कारवाहीको विवरण गुनासोकर्ताको मोवाइलमा अद्यावधिक हुने गरी व्यवस्था मिलाइएको ।

१५. सूचना प्रविधिगत सुधार

१५.१ यसै आ.व. भित्र लागू हुने गरी एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) अनिवार्य रुपमा लागू गर्न Digital Signature खरिद प्रकिया अघी बढाईएको।

१५.२ वैदेशिक रोजगारीका क्रममा मृत्यु, गम्भीर विरामी भएका श्रमिक वा निजका आश्रित परिवारलाई क्षतिपूर्ति, सन्तति छात्रवृत्ति समेतका सुविधाहरु स्थानीयतहबाटै प्रदान गर्न FEWIMS को स्तरोन्नतिको काम भइरहेको ।

१५.३ वैदेशिक रोजगारीसँग सम्बन्धित सम्पूर्ण सेवाहरु Cashless, Faceless, Paperless बनाई प्रभावकारी, छिटो, छरितो रुपमा प्रवाह गर्न निर्णय तह घटाइएको ।

१५.४ FEIMS तथा परराष्ट्रको नागपत्र प्रमाणीकरण Software बीच अन्तरआवद्धता कायम गरिएको ।

१५.५ नागरिक तथा सरोकारवालाहरुलाई आवश्यक पर्ने सूचना तथा जानकारीहरु सूचना प्रविधिका माध्यमबाट सार्वजनिक गर्ने गरी मन्त्रालयमा अटोमेटेड डिजिटल डिस्प्लेको व्यवस्था गरिएको ।

१६. वैदेशिक भ्रमणमा वैज्ञानिकता

नेपाल सरकारलाई उपलब्धि नहुने वैदेशिक भ्रमणलाई सकेसम्म निरुत्साहित गर्नुका साथै मन्त्रालयमा प्राप्त हुने वैदेशिक अध्ययन, तालिम तथा अवलोकन भ्रमणका अवसरहरुको वितरणलाई समन्यायिक र उपलब्धिमूलक तुल्याउन वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम समिति गठन गरी पारदर्शी ढङ्गबाट वैदेशिक भ्रमण मनोनयन गर्ने कार्यको थालनी गरिएको ।

१७. फोकल डेस्क स्थापना

संघीय संसदका द्ववै सदन तथा संसदीय समितिहरुमा मन्त्रालय र मातहत निकायका काम कारबाहीका बारेमा उठ्ने सवाल, प्राप्त भएका सुझाब एवम् निर्देशन समेतको कार्यान्वयनलाई प्रभावकारी बनाई मन्त्रालयका कामकारवाहीलाई संसदप्रति जवाफदेही तुल्याउन मिति २०८०।१२।१३ को मन्त्रीस्तरीय निर्णयबाट सहसचिवको संयोजकत्वमा फोकल डेस्क स्थापना गरिएको।

१८. श्रम प्रशासनको पुनः संरचना

मिति २०८०/०४/०९ मा संगठन तथा व्यवस्थापन सर्वेक्षण समिति गठन र नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०८०/०९/२४ मा पूर्व स्वीकृति प्राप्त भए पश्चात विभिन्न चरणमा सम्बन्धित निकायका प्रतिनिधिहरु/विभागीय प्रमुखहरुसँग छलफल गरी उक्त निकायहरुबाट प्राप्त प्रस्ताव बमोजिम O&M समितिले तयार गरेको मस्यौदाको प्रस्तुतीकरण भएको ।

१९. व्यवस्थापन परीक्षण

मन्त्रालयको व्यवस्थापन परीक्षणको स्वमूल्याङ्कन अन्तर्गत ३ वटा कार्यालयहरु (व्यावसायिक प्रशिक्षण केन्द्र, इटहरी, वुटवल र श्रम तथा रोजगार कार्यालय, धनगढीको व्यवस्थापन परीक्षण सम्पन्न गरी सोको प्रतिवेदन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाईएको।

२०. शासकीय सुधार इकाई गठन

शासकीय सुधारको मान्यता अनुरुप निरन्तर रुपमा सुधार गर्ने उदेश्यले सुशासन, ऐन (व्यवस्थापन तथा संचालन) २०७४ को दफा १ को उपदफा २९ बमोजिम शासकीय सुधार इकाई गठन गरी जिम्मेवारी दिईएको।

२१. अनुगमन कार्यलाई तीव्रता

२१.१ वैदेशिक रोजगारीसँग सम्बन्धित मुद्दा र उजुरीको फर्छ्यौट गर्ने कार्ययोजना तयार गरी सो बमोजिम कार्यान्वयन भइरहेको।

२१.२ वैदेशिक रोजगारीसँग सम्बन्धित ठगी लगायतका उजुरीहरुको मुद्दा तथा अभियोजनको विषयमा मन्त्रालयले हालै तर्जुमा गरेको कार्यविधि बमोजिम कोशी प्रदेश, मधेश प्रदेश र गण्डकी प्रदेशका जिल्ला प्रशासन कार्यालयका प्रजिअ/ स.प्रजिअ/ कर्मचारीहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

वार्षिक नीति कार्यक्रम तथा बजेट

२२. आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेटमा साविकका कार्यक्रमलाई निरन्तरता दिदैं श्रम व्यवस्थापनलाई दिर्घकालीन प्रभाव पार्ने निम्नानुसारका नवीन कार्यक्रमहरू समावेश गरिएको :

२२.१ नेपाली श्रमिकको श्रम गन्तव्यको स्थानान्तरण गरी थप सुरक्षित र उपलब्धिमूलक मुलुकमा पठाउने गरी नीतिगत सुरुवात गर्ने व्यवस्था मिलाइएको,

२२.२ वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्ने, विना धितो ऋण उपलब्ध गराउने, सामाजिक सुरक्षामा आवद्दता विस्तार गर्ने र औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउन बैंकहरुसँग सहकार्य र साझेदारी गर्ने,

२२.३ राष्ट्रिय रोजगार बैंक स्थापना तथा संचालनको विषयलाई सरकारको नीति तथा कार्यक्रममा समेटी आवश्यक बजेटको व्यवस्था गरिएको,

२२.४ श्रमाधान अभियानलाई वार्षिक बजेट तथा कार्यक्रम मार्फत औपचारिक रुपमा थालनी तथा संस्थागत गरिएको,

२२.५ सीप विकास तथा तालिम कार्यक्रमलाई उच्च प्राथमिकता दिई थप बजेटको व्यवस्था मिलाइएको,

२२.६ वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) सदृढीकरणका लागि बजेट सुनिश्चित गरिएको,

२२.७ राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली (NEMIS) को विकास तथा संचालनका लागि आवश्यक बजेट तथा समय थप गर्ने व्यवस्था मिलाइएको,

२२.८ चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा संचालन गरिएको श्रमाधान रोजगार मेलालाई निरन्तरता सहित संस्थागत गर्न आवश्यक बजेटको व्यवस्था गरिएको,

प्रधानमन्त्री रोजगार कार्यक्रमको पुर्नसंरचना

२३. प्रधानमन्त्री रोजगार कार्यक्रमको आगामी कार्यदिशा

सामाजिक संरक्षण र रोजगारी सिर्जनाको लागि संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीप विकास, उद्यमशिलता विकास, स्वरोजगार र उत्पादनसँग जोड्ने गरी आन्तरिक रोजगारी प्रवर्द्धन र यस सम्बद्ध निकायहरुसँग समन्वय गर्ने जिम्मेवारी सहित आन्तरिक रोजगार प्रवर्द्धन महाशाखा गठन गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रमका कार्यहरुलाई प्रस्तावित महाशाखा मार्फत निरन्तरता दिने गरी संगठन तथा व्यवस्थापन सर्वेलाई अन्तिम चरणमा पुऱ्याइएको ।

अर्थ मन्त्रालयसँगको समन्वयमा युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना (YETI) को अवधि थप तथा स्रोत सुनिश्चितताको व्यवस्था मिलाइएको ।

भावी कार्यदिशा

सीप विकास, उद्यमशीलता विकास, र स्वरोजगार मार्फत आन्तरिक रोजगारी सिर्जना, मर्यादित श्रम, असल श्रम सम्बन्ध, सामाजिक सुरक्षा, जोखिम रहित र सीपयुक्त वेदेशिक रोजगारीलाई प्रवर्द्धन गरी मुलुकभित्र उत्पादन, उत्पादकत्व र दीर्घकालीन रोजगारी सुनिश्चित गर्नेगरी देहायको कार्यदिशा मन्त्रालयले लिने :

- आन्तरिक रोजगारी सिर्जना, उत्पादन अभिवृद्धी, उद्यमशिलता विकास, स्वरोजगार प्रवर्द्धन र सीपयुक्त जनशक्ति उत्पादनमा केन्द्रीत रहने,
- वैदेशिक रोजगारीलाई थप उपलब्धी मुलक र सुरक्षीत तुल्याउन श्रम गन्तव्यको स्थानान्तरण गर्ने,
- विद्यमान कानूनी प्रावधान अनुसार २ वर्ष भित्र अनिवार्य रुपमा सीपयुक्त जनशक्ति सहित मासिक ५०० डलर भन्दा मुनीको रोजगारीमा नेपाली नागरिकलाई नपठाउने गरी आवश्यक प्रवन्ध मिलाउने,
- सीप विकास र उद्यमशिलता सँग आवद्धता कायम गरी प्रधानमन्त्री रोजगार कार्यक्रमको पुन: संरचना गर्ने,

- रोजगार बैंकको रुपमा काम गर्ने गरी NEMIS कार्यक्रमको स्थापना र संचालन गर्ने,
- वैदेशिक रोजगार सम्बन्धी सेवालाई स्थानीय र कूटनीतिक नियोग सम्म विस्तार गर्न FEIMS प्रणाली स्तरोन्नती गर्ने,
- वैदेशिक रोजगारीका नयाँ गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता/समझदारी गर्ने र श्रम सम्झौता भएका मुलुकहरुसँगको सम्झौतालाई अद्यावधिक गर्ने,
- सामाजिक सुरक्षा कोषको दायरा विस्तार गर्ने,
- तीन तहको सरकार र निजी क्षेत्र सँगको सहकार्यमा श्रमाधान रोजगार अभियानलाई निरन्तरता दिने,
- वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुका लागि बिना धितो सहुलियत पूर्ण ऋण उपलव्ध गराउने, विप्रेषणलाई बैंकिङ्ग प्रणालीबाट ल्याउन व्यवस्था मिलाउने र वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको सामाजिक सुरक्षा कोषमा आवद्धता बढाउने,
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुले न्यूनतम सीप विकास सम्बन्धी तालिम लिएपश्चात मात्र जान पाउने र न्यूनतम पारिश्रमिक कम्तिमा अमेरिकी डलर पाँच सय भन्दा कम नहुने सुनिश्चित गरी मात्र वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउने,
- वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजीको स्वदेशमै उपयोग गर्न रिटर्नी उद्यमशिलता कार्यक्रम संचालन गर्ने,
- मर्यादित श्रमको प्रवर्द्धन र असल श्रम सम्बन्धको विकासको लागि रोजगारदाता, ट्रेड यूनियन र सरकार बीचको सहकार्यलाई निरन्तरता दिने,
- अनौपचारीक क्षेत्रमा कार्यरत कामदारलाई औपचारीकीकरणको प्रक्रिया मार्फत सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने ।